सबैला नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ३ मिति : २०८२...........

भाग–१

## सबैला नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

सबैला नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२

## सबैला नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२

प्रमाणीकरण मिति : २०८२/...

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०८२/....

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सबैला नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम सबैला नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन सबैला नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सबैला नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८२ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले सबैला नगर कार्यपालिका सम्झनु पर्छ।





(ग) "नगरपालिका" भन्नाले सबैला नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगर पालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सबैला नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही सबैला नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**प्रमाणिकरण मिति : २०८२........**

**आज्ञाले,**
**सविर कुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

सबैला नगरपालिकाद्वारा प्रकाशित मुल्य रु. ५/-